# वन्यजन्तु संरक्षणमा रहेको कानुनी व्यवस्थाको एक टिप्पणी

अधिवक्ताः पदम बहादुर श्रेष्ठ

विश्वका प्राय सवै देशहरुले आफ्नो वन्यजन्तुलाई देशको साझा सम्पतिको रुपमा लिन्छन । अझ वातावरणको दृष्ट्रिकोणमा वन्यजन्तुको महत्व अत्यधिक रुपमा वढ्दै गएकोछ । त्यतिमात्र होइन वन्यजन्तुलाई आर्थिक समृद्धिको लागि महत्वपुर्ण माध्यम बनाई पर्यटन व्यवसायलाई उचाईमा पुऱ्याईएको पाइन्छ । त्यसकारण वन्यजन्तु संरक्षरणमा राज्य तथा व्यसायीहरुको पनि लगानि परेको पाइन्छ । यति धेरै महत्वपुर्ण सम्पदाको संरक्षणमा ध्यान पुऱ्याउनु पर्नेमा मानवीय अतिक्रमणको कारण विश्वमानै वन्यजन्तुहरु लोप हुन लागेको अवस्था विद्यमान छ ।

नेपालको सन्दर्भमा अध्ययन गर्दा यहाँको महत्वपुर्ण वन्यजन्तुको विनाश हुने कार्य पहिला र अहिलेमा केही फरकनै छैन् । वन्यजन्तुको विनासले वातावरणमा असर पार्नुको साथै देशको विकासमा टेवा पुप्याउने प्रर्यटन व्यवसायीलाई समेत प्रत्यक्ष र अप्रत्यक्ष असर पुऱ्याएको पाइन्छ । देशको आर्थिक विकाससँग यसको अन्यान्याश्रित सम्बन्ध रहेको छ । यस्तो सम्वन्ध रहेको र महत्व बोकेको बन्यजन्तुको संरक्षणमा जोड नदिने र विनास मात्रै हुने हो भने नेपालमा रहेको विश्वकै दुर्लभ तथा असंख्य वन्यजन्तु समाप्त हुने निश्चित छ ।

यसको वास्तविक महत्वलाई संरक्षित क्षेत्रका जनतालाई ज्ञान दिनु अति नै आवश्यक रहेको छ । किनकी स्रोतको संरक्षण मात्र होइन उपयोगकर्ता पनि तिनीहरुनै भएकोले विनासलाई रोक्न तिनीहरुको प्रयासनै वढी प्रभावकारी हुन्छ । वास्तवमा बन्यजन्तु भनेको हाम्रो सम्पत्ति हो यसको संरक्षण, सम्बद्धन तथा त्यसबाट प्राप्त लाभलाई जनताको स्तरसम्म पुऱ्याउनु राज्यको दायित्व हो । यसलाई मनन गरी नेपालले वन्यजन्जु व्यवस्थापन, सरक्षण गर्नको लागि ऐन, नियम, निति, योजना, कार्यक्रमहरु विभिन्न समयमा ल्याएको छ । त्यसमा भएका व्यवस्थाहरुको यहाँ चर्चा गरिएको छ ।

## वन्यजन्तु कानुनी व्यवस्थाः

वन्यजन्तुको संरक्षण गर्न बनेका कानुन व्यवस्थाहरु के कस्ता छन भन्ने सन्दर्भमा अध्ययन गर्दा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २(च) मा वन्यजन्तुको परिभाषा गर्दै घर पालुवा बाहेक जुनसुकै जातीको स्नतधारी, घस्रिने, माछा, भ्यागुता जाति र किरा फट्याग्रालाई समेत जनाउँछ । उक्त वन्यजन्तुलाई आरक्षण गर्नु पर्ने भएकोले ऐनको २(ग)

मा वन्यजन्तुको आरक्षण गर्दा वन्यजन्तुको सम्पदा र तिनिहरुको बासस्थानका संरक्षण तथा व्यवस्थापन गर्न छुट्याएको क्षेत्रलाई जनाउँछ भन्ने उल्लेख छ । यसरी प्रत्येक वन्यजन्तुको बासस्थानलाई निश्चितरुपमा व्यवस्था गर्नै पर्ने र सुरक्षाको भरपुर व्यवस्था हुनै पर्ने वाध्यात्मक कानुनी व्यवस्था छ । वन्यजन्तु सुरक्षा तथा संरक्षणको व्यवस्थाको लागि ऐनको दफा १(ञ) मा नेपाल सरकारबाट नियुक्त गरिएको सरकारी व्यक्तिले वन्यजन्तु संरक्षणको कार्य गर्ने कानुनी व्यवस्था भएको छ । तर त्यसको पालना तर्फ हेर्दा केवाल कानुनमा मात्र संरक्षक लेखिएको छ तर वास्तविक रुपमा बन्यजन्तुको संरक्षकले प्रभावकारी तरिकाले कार्य सम्पादन भएको हामी पाउँदैनौ ।  राज्यले कानुन निर्माण गर्नू मात्र प्र्याप्त हुने होईन त्यसको अनुगमन तथा कार्यन्वयनको अवस्थालाई प्रभावकारी बनाउनु पर्दछ ।

वन्यजन्तुलाई कानुन विपरित शिकार र व्यापार गर्न पाइदैन गरेमा कानुन विपरित हुने भएकोले ऐनको दफा २६ बमोजिम बाघ, गैडा, हात्ती, कस्तुरी मृग, ध्वाँसे, चितुवा, हिऊ चितुवा वा गौरीगाई मार्ने, घाइते बनाउने साथै मृत बन्यजन्तुको आखेटो पहार खरिद विकी गर्नेलाई समेत अपराधीको रुपमा कानुनी दायारमा ल्याई त्यस्तो अपराध गर्नेलाई ५ वर्ष देखि १५ वर्षसम्म कैद सजाय हुनेछ भन्ने उल्लेख छ । उक्त ऐनमा गरिएको सजायको व्यवस्थाको कारणले अपराधमा कमी आउने अपेक्षा विधायकले गरेको भए पनि अपेक्षाकूतरुपमा वन्यजन्तु माथि हुने अपराध घटेको छैन ।

यसरी वन्यजन्तुको शिकार, खरिद बिक्री र सञ्चय गर्नेलाई दिएको सजाय प्रयाप्त भएको देखिदैन ।  ५ वर्ष देखि १५ वर्ष सम्म कैद गर्न सक्ने न्याय मुर्त्तिलाई स्वविवेकिय अधिकार दिएको छ । तर त्यस अधिकारको सहि प्रयोग नभएर केवल दुरुपयोग भएको छ । यसको उदाहारणको रुपमा जति पनि वन्यजन्तु तस्करीहरु कानुनको कमजोरीको फाइदा उठाई कम सजाय भोगी सके पछि पनि पुन सोही अपराध गर्ने कार्य गरेको देखिन्छ । यसको मुल कारण न्यूनतम सजायको व्यवस्था कानुनमा हुनु र न्यून कैद तोकी सजाय भुक्तान गरी सकेपछि पुन सो कार्य गर्ने संस्कार अन्य मुद्दाको तुलनामा वढी पाइन्छ । यसरी कानुनमा भएको व्यवस्थलेनै पटक पटक अपराधीलाई अपराध गर्न प्रोत्साहित गर्न कानुनलेनै छुट दिएको हो कि भन्ने अनुमान गर्न सकिने अवस्था विद्यमान रहेको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा क्षतिपूर्ति दिने व्यवस्था, राष्ट्रिय निकुञ्ज भित्र खुल्ला रुपमा प्रवेशमा बन्देज, शिकार गर्दा अनुज्ञापत्र लिनु पर्ने, शिकार गर्ने समय तोक्ने कानुनी  व्यवस्था ऐनमा रहेको छ त्यसको पुर्णरुपले पालना भएको छैन् । पुर्णरुपमा पालाना गराउने दायित्य राज्य र राज्यका अन्य सम्वन्धित निकायहरुको हो ।

बातावरणीय विकाससंग बन्यजन्तुको सम्बन्ध प्रत्यक्ष अप्रत्यक्षरुपमा श्रृष्टिकालदेखिनै भविश्यसम्म रहने छ । यसले पृथ्वीको जिवनचक्रलाई निरन्तरता दिन्छ । यो एक अर्कामा पुरक हुन्छ । वातावरणीय संरक्षणको दृष्ट्रिकोणले झनै महत्वपुर्ण छ ।

**राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐनमा देखिएको कमजोरी पक्ष ।**

१. वन्यजन्तुको सम्बन्धमा सचेतना कार्यक्रमको पुर्ण व्यवस्था नहुनु ।

२. शुरु मुद्दा हुर्ने अधिकार जिल्ला अदालतलाई नदि जिल्ला वन कार्यालय आफैले हेर्नु ।

३. निर्णय गर्ने निकायमा वन्यजन्तु विषेशज्ञ राख्ने व्यवस्था नहुनु ।

४. उपभोक्ता समिति गठन गर्न वाध्य नहुनु ।

५. आत्म सुरक्षाको लागि वन्यजन्तु मार्ने अधिकार प्रदान गरिनु ।

६. वज्यजन्तु गैर कानुन तरिकाले मार्ने अपराधी र सहयोगीलाई कानुनमा नै कम सजाय तोकिनु

७. कानुनको कार्यन्वयन, तथा अनुगमनको पक्ष अति कमजोर हुनु

**यसलाई रोकथाम गर्न अपनाउनु पर्ने कार्यहरुः**

(क) कानुन समय सापेक्ष रुपमा परिवर्तन गर्नुपर्ने ।

(ख) शुरु मुद्दा हेर्ने अधिकार जिल्ला अदालतलाई प्रदान गर्नु पर्ने ।

(ग) वन्यजन्तुको यर्थात अवस्थाको पहिचान गरी त्यसको संरक्षणको बारेमा तत्कालै कार्यनीति वनाई लाग्नु पर्ने ।

(घ) जनचेतानाको कार्यक्रम संचालन गर्नुपर्ने ।

(ङ) नीतिनिर्माणकर्ता र निर्णय गर्ने निकायलाई यसको महत्व बुझाउनु पर्ने ।

(च) कानुनको पालान, नपुग कानुनको व्यवस्था गर्नु पर्ने ।

वन्यजन्तु वातावरणको केन्द्रभागमा राखेर यसको अध्ययन, अनुसन्धान र यसको विकासबाट समग्र देशको समृद्धिमा एउटा नयाँ आयाम थप्न कोशेढुङ्गाको रुपमा विकास गरिनु

पर्दछ । सको संरक्षणमा जनतालाई सहभागि गराएर स्रोतको मालिक स्थानिय जनतानै हुन भन्ने भावनालाई संवोधन गरी त्यसै अनुरुप कानुन निर्माण गर्नु आजको आवश्यकता छ ।